बैठक नं. ६५

आज मिति २०८३ साल असार ५ गते शुक्रवार बिहान ७:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |

| | | | | |
|---|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ६४ औ बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२) तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को योजना बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

३) जाल्पादेवी आत्मारा कालीदेवी मन्दिर देउरालीगढी हल्लिने ढुङ्गा पदमार्गको ठेक्कमा म्याद थप गर्ने सम्बन्धमा ।

४) १० बेडको तामाकोशी आधारभूत अस्पताल निर्माणको धरौटी रकम फिर्ता भुक्तानी सम्बन्धमा ।

५) विविध

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ६४ औ कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: तपशिल बमोजिम कुल स्रोत अनुमान/विनियोजनमा उल्लेखित रु ७३,७४,८१,१५९।–अक्षेरुपी तिरहत्तर करोड चौरहत्तर लाख एकासी हजार एक सय उनन्साठी रुपैया सिलिङ सहितको बजेट तथा कार्यक्रम समितिले पेश गरेको तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को योजना, बजेट तथा कार्यक्रम स्वीकृत भएको निर्णय गरियो।साथै उक्त आय व्यय अनुमान मिति २०८३।०३।१० गते ११ बजे १९ औ अधिवेशनको ३३ औ बैठक (गाउँसभा बजेटसभा) मा प्रस्तुत गर्ने समेत निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | आय तर्फ | | | |
|---|---|---|---|---|
| | आय श्रोत | संघ र प्रदेशबाट वास्तविक आय | प्रस्तावित कुल विनियोजन | शशर्त, बिशेष समपुरक लगायत बाहेकको विनियोजन योग्य रकम |
| १ | संघीय सरकार समानिकरण अनुदान | ११६१००००० | ११६१००००० | ११६१००००० |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | ८६३७४००० | ८६३७४००० | ८६३७४००० |

प्रोण प्रताप के.सी.
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

तामाकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जगु, दोलखा
बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ३ | संघीय सरकार राजश्व बाँडफाँड (जलविद्युत रोयल्टी) | ० | ८७२१०१६९ | ८७२१०१६९ |
| ४ | संघीय सरकार सशर्त अनुदान चालु | २४०४००००० | २४०४००००० | ० |
| ५ | संघीय सरकार सशर्त अनुदान पूजिगत | १८००००० | १८००००० | ० |
| ६ | संघीय सरकार समपुरक अनुदान | ६०००००० | ६०००००० | ० |
| ७ | विशेष अनुदान चालु | १४०००००० | १४०००००० | 0 |
| ८ | विशेष अनुदान पूँजीगत | १०५००००० | १०५००००० | 0 |
| ९ | वागमती प्रदेश सरकार समानिकरण अनुदान | १०७१९००० | १०७१९००० | १०७१९००० |
| १० | वागमती प्रदेश सरकार सवारी साधन कर बाँडफाँडबाट प्राप्त हुने रकम | २९८९८९९० | २९८९८९९० | २९८९८९९० |
| ११ | वागमती प्रदेश सरकार सशर्त अनुदान चालु | २६७९००० | २६७९००० | 0 |
| १२ | वागमती प्रदेश सरकार सशर्त अनुदान पूजिगत | ४०००००० | ४०००००० | 0 |
| १३ | वागमती प्रदेश सरकार समपुरक अनुदान | १९८००००० | १९८००००० | 0 |
| १४ | बागमती प्रदेश सरकार विशेष अनुदान चालु | ७०००००० | ७०००००० | 0 |
| १६ | तामाकोशी गाउँपालिका दहत्तर बहत्तर विक्रीबाट हुने आम्दानी | ० | ६५०००००० | ६५०००००० |
| १७ | तामाकोशी गाउँपालिका आन्तरिक आम्दानी | ० | २१०००००० | २१०००००० |
| १८ | तामाकोशी गाउँपालिका आन्तरिक श्रोत अ.ल्या | ० | १५०००००० | १५०००००० |
| कूल आम्दानी | | ५४९२७०९९० | ७३७४८११५९ | ४३१३०२१५९ |

निर्णय न.३: जाल्पादेवी आत्मारा कालीदेवी मन्दिर देउरालीगढी हल्लिने ढुङ्गा पदमार्गको ठेक्कामा शुभश्री दिदीबहिनी जेभी निर्माण व्यवसायीले मिति २०८३।०२।२९ गते दिएको निवेदन अनुसार म्याद थप माग

भएकोले गाउँपालिकाको सबै ठूलो ठेक्का ढिला गरी सम्झौता भएको, निर्माण स्थल र अन्य अवस्था र आवश्यकतालाई मध्य नजर २०८३ साल मंसिर मसान्तसम्म उक्त ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय न.४: श्री प्रतिष्ठा प्रेरा जे.भी. कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ नेपालले मिति २०८३।०२।१२ गते दिएको निवेदन अनुसार १० बेडको तामाकोशी आधारभूत अस्पताल निर्माणको धरौटी रकम फिर्ता भुक्तानी माग भएकोले सो सम्बन्धमा छलफल गर्दा उक्त अस्पतालको निर्माण कार्य सम्पन्न भइ DEFECT LIABILITY PERIOD समाप्त भएको र तामाकोशी आधारभूत अस्पतालको च.न.६३ मिति २०८३।०२।१२ र वडा न ४ कार्यालयको च.न.९५७ मिति २०८३।०३।०४को पत्रानुसार यस अवधिमा देखिएका स-साना समस्याहरु समेत मर्मत संभार सम्पन्न भएको देखिएकोले धरौटी रकम फिर्ता भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.५: श्रमिकहरूलाई नागरिक पेन्सन योजनामा सहभागी गराउने प्रयोजनका लागि मिति २०८३/०२/२१ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत नामावली अनुसारका श्रमिकहरूलाई श्रमिक कल्याण कोष ऐन, २०८१ को दफा (४) बमोजिम कोषमा आबद्ध गराउन नागरिक लगानी कोष सँग आवश्यक सम्झौता गर्न गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप केसी ज्यू र रोजगार संयोजक श्री दिपेन्द्र कार्कीलाई अख्तियारी प्रदान गरिएको निर्णय गरियो।